आज मिति २०७५।०३।३० गतेका दिन यस चौदण्डीगढी न.पा. नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा नगरबोर्ड बैठक तपशिलको उपस्थितिमा बसियो ।

तपसिल उपस्थिति

१. श्री खगेन्द्र राई – नगर प्रमुख
२. श्री रिता कुमारी चौधरी – उप-प्रमुख
३. श्री रोहितमान तामाङ – अध्यक्ष वडा नं. १
४. श्री सन्तोष सुवेदी – ,, २
५. श्री परशुराम राई – ,, ३
६. श्री चरण कुमार राई – ,, ४
७. श्री देव नारायण चौधरी – ,, ५
८. श्री कमलध्वज राई – ,, ६
९. श्री तेजराज [redacted] तिम्सिना – ,, ७
१०. श्री श्याम बहादुर मगर – ,, ८
११. श्री प्रकाश राउत – ,, ९
१२. श्री राम कुमार खड्का – ,, १०
१३. श्री देवी कार्की – नं कार्य स.
१४. श्री जानुका कमर – ,,
१५. श्री मदन कुमारी कार्की – ,,
१६. श्री विमला राई – ,,
१७. श्री डोमा शेर्पा – ,,
१८. श्री अस्मिता नेपाली – ,,
१९. श्री प्रमिला दनुवार – ,,
२०. श्री सुन्दर प्रकाश साह – ,,
२१. श्री शिव प्रसाद ढुंमेगाई – प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरु

१. न.पा. भवन निर्माणतर्फ विनियोजित रकम रकमान्तर गर्ने सम्बन्धमा ।
२. वडाहरुको बजेट रकमान्तर सम्बन्धमा ।
३. करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।
४. आर्थिक सहयोग सम्बन्धमा गारमा डान्स सेन्टर ।

Scanned by CamScanner

५, सुमिता बचत तथा ऋण सहकारी सम्बन्धमा ।
६, वडा नं. १० को कृषि प्रदर्शनी सम्बन्धमा ।
७, राहत तथा आर्थिक सहयोग सम्बन्धमा ।
८, वडा नं. ६को माग निवेदन सम्बन्धमा ।
९, भलिबल खेल सम्बन्धमा ।
१०, नगर खेलकुद विकास समितिको माग सम्बन्धमा ।
११, प्रदेश तथा संघिय सरकारसंग बजेट तथा योजना मागगर्ने सम्बन्धमा
१२, नेपाल घरेलु तथा साना उद्योग महासंघ नगर समितिको माग सम्बन्धमा ।
१३, त्रियुगा खोलाको बजेट भुक्तानी सम्बन्धमा ।
१४, संसदिय क्षेत्र विकास कोषको योजना छनौट सम्बन्धमा ।
१५, सार्वजनिक बिदा दिने सम्बन्धमा ।

<u>नि.नं.१</u> प्रस्ताव नं. १ माथि छलफल गर्दा यस न.पा.को चालु आ.व.को स्वीकृत कार्यक्रममा न.पा. भवन निर्माण तर्फ रु. १,००,००,०००।-(एक करोड) रकम विनियोजन भएकोमा हाल ठेक्का आव्हान गर्ने प्रक्रियामा रहेको हुँदा ठेक्का प्रक्रिया पुरा गर्न अझ केही समय लाग्ने भएको हुँदा हाल उक्त रकम तपसिल अनुसारका शीर्षकमा रकमान्तर गरी न.पा. को विशेष नगर सभा समक्ष अनुमोदनको लागि पेशगर्ने निर्णय पारित गरियो ।

<u>तपसिल</u>

१. न.पा. तलाउ (ट्रष्ट) रु. २५,००,०००।-
२, स्वास्थ्य तथा विपद राहत एवं आकस्मिक कृषि आर्थिक सहयोगमा रु. ३०,००,०००।-
३, मर्मत संभार तथा सुधार रु. ४५,००,०००।-

<u>नि.नं.२</u> प्रस्ताव नं. २ माथि छलफल गर्दा यस न.पा.को १ देखी १० सम्मका वडाहरुले चालु आ.व.को स्वीकृत कार्यक्रम संशोधन गर्ने भनी वडा समितिबाट निर्णय गरी पेश—

गरेको हुंदा उक्त वडाहरूबाट पेश भएका संशोधित योजनाहरु जस्ताको त्यस्तै स्वीकृत गरी अनुमोदनको लागि विशेष नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो।

नि.नं.३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस न.पा. बाट करार करार नियुक्ति भई न.पा. तथा विभिन्न शाखामा कार्यरत करार तथा ज्यालादारी कर्मचारीहरुको मिति २०७६ असार मसान्त सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो।

नि.नं.४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा गरिमा डान्स सेन्टर बेल्हारको द सिंगल चौदशीगढी डान्स च्याम्प नृत्य प्रतियोगिताको लागि आर्थिक सहयोग माग भै आएको हुँदा उक्त डान्स सेन्टरलाई आर्थिक प्रस्ताव सहित लागत स्टिमेट माग गर्ने निर्णय गरियो।

नि.नं.५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालय को च.नं. ३४ मिति २०७५।०८।०६ को प्राप्त पत्र मा लेखिए आएको व्यहोरा सम्बन्धमा सम्बन्धीत सहकारी लाई जानकारी गराउने साथै उक्त सहकारीका पदाधीकारीहरुको न.पा. तथा वडा बाट प्रवाह हुने सेवा सुविधा रोक्का गर्ने सम्बन्धमा वडा कार्यालयहरुलाई जानकारी गराउने निर्णय गरियो।

नि.नं.६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस न.पा.को वडा नं. १० मा संचालन भै रहेको हडिया महोत्सवमा मिति २०७५।१०।२२ ६ गते नूतन कृषि प्रदर्शनी गर्ने र उक्त कृषि प्रदर्शनीको लागि बजेट माग भई आएको हुंदा न.पा.को कृषि शाखा तर्फ विनियोजित रकम बाट रु. ५०,०००।- र न.पा. को भैपरि आउने शीर्षक बाट रु. ६२,००० (बैसट्ठी हजार) उपलब्ध गराउने निर्णय गरियो।

नि.नं.७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा ३ नं. वडा कार्यालय को च.नं. ७०८ मिति ०७५।७।२२ गतेको सिफारिस पत्र आवश्यक

Scanned by CamScanner

कार्यान्वयनको लागी कृषि विकास शाखामा पठाउने निर्णय गरियो ।

नि.नं.८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस न.पा.का विभिन्न वडाबाट आर्थिक सहयोगको लागी सिफारिस भई आएका तपसिलका व्यक्तिहरुलाई तपसिले अनुसारको सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

१. भरत बहादुर राई वडा नं. १ टाउको अप्रेशन रु. १०,०००।–
२, काजी बहादुर मगर वडा नं. १० आगलागी रु. १५,०००।–
३, गंगा बहादुर परियार वडा नं. ६ उपचार रु. ४०००।–
४, लक्ष्मण लेखी वडा नं. ९ मृगौला रोगी रु.

नि.नं.९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा चौदण्डीगढी नगरपालिका युवा समूह बेल्टारले नगर स्तरीय भलिबल प्रतियोगिता संचालन गर्नको लागी आवश्यक बजेट विनियोजन गरि पाउ भनि निवेदन पेश गरेको हुँदा उक्त युवा समूहलाई भलिबल प्रतियोगिता संचालनको लागी रु. ४०,०००।- खेलकुद शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं.१० प्रस्ताव नं. १० माथि छलफल गर्दा नगर खेलकुद विकास समितिको माग सम्बन्धमा माग बमोजिम आवश्यकता पहिचान गरि बजेट निकासा दिने निर्णय गरियो साथै उक्त नगर खेलकुद विकासको माग बमोजिम आवश्यक सामानहरु समेत खेलकुद शीर्षकको रकम बाट आवश्यकता अनुसार उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं.११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा प्रदेश तथा संधबाट विनियोजित योजनाहरु स्थानीय सरकार तथा प्रदेश र संघीय सरकार बिच ~~[illegible]~~ समन्वय नहुँदा योजना कार्यान्वयनमा प्रभाव परेको हुँदा प्रदेश तथा संधले योजना सिफारिस गर्दा वडा सभामार्फत नगर सभा बाट स्वीकृत योजनामा मात्र बजेट विनियोजन गर्ने कार्यको लागी अनुरोध गर्दै सभा बाट स्वीकृत बाहेक योजना दर्ता तथा सिफारिस गर्नु पर्ने भएमा वडा समिति बाट निर्णय भई नगर बोर्ड बाट समेत निर्णय गरि

Scanned by CamScanner

योजना माग तथा सिफारिस गर्ने निर्णय गरियो ।

नि.नं.१२ प्रस्ताव नं.१२ माथि छलफल गर्दा नेपाल घरेलु तथा साना उद्योग महासंघ नगर समितिले पेश गरेका कार्यक्रमहरु मध्ये महत्वपूर्ण योजनाहरु संचालनको लागि आवश्यक बजेटको व्यवस्था गर्ने निर्णय गरियो ।

नि.नं.१३ प्रस्ताव नं.१३ माथि छलफल गर्दा यस न.पा. को ~~त्रिय~~ वडा नं.२ त्रियुगा नदिमा निर्माण गरिएको बाँध (वाटो) को मूल्याङ्कन प्रतिवेदन प्राप्त भएको हुँदा पुर्व निर्णय बमोजिम उक्त मूल्याङ्कन प्रतिवेदन बमोजिम उक्त रकम भुक्तानी दिने निर्णय गरियो ।

नि.नं.१४ प्रस्ताव नं.१४ माथि छलफल गर्दा जिल्ला समन्वय समितिको कार्यालय उदयपुरको च.नं.३६८ मिति २०७५।३।२० गतेको पत्र साथ प्राप्त प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रमहरु प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (संचालन) नियमावली २०७५ बमोजिम छनौट नभई उक्त नियमावलीमा उल्लेखित व्यवस्था अनुसार नगर सभा बाट ~~मा~~ स्वीकृत कुनै पनि योजना समावेश नभएको हुँदा उक्त कार्यक्रम संशोधनको लागि सम्बन्धीत निकायमा लेखि पठाउने निर्णय गरियो ।

नि.नं.१५ प्रस्ताव नं.१५ माथि छलफल गर्दा यस न.पा. को वडा नं. ६ र ८ मा भएको आगलागी बाट पूर्ण रुपमा घर क्षती भएका तपसिलका व्यक्तीहरुलाई नगर बोर्डको पूर्व निर्णय ~~तथा~~ बमोजिम नपाको विपद राहत वितरण समितिले अनुगमन समेत गरि प्रतिवेदन पेश गरेको हुँदा नपाको विपद व्यवस्थापन तथा राहत वितरण कार्यविधि बमोजिम तपसिल बमोजिम राहत उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

१. कृष्ण बहादुर विश्वकर्मा — त्रि.न.पा.-६ रु.३,००,०००।-(तीन लाख)
२. धन कुमारी राई — त्रि.न.पा.-८ रु.३,००,०००।-(तीन लाख)

Scanned by CamScanner

३, दिल बहादुर राई चौ.न.पा.-३ रु. ५०,०००।-

खाने धारा निर्माणको लागि उपलब्ध गराएको उक्त राहत रकम सम्बन्धित वडा अध्यक्ष लगायतको टोली बाट आवश्यक नियमित अनुगमन गर्ने र रकम किस्तामा उपलब्ध गराउने निर्णय गरियो।

नि.नं.१५ प्रस्ताव नं. १५ माथि छलफल गर्दा मिति २०७५/१०/०१ गते माघे संक्रान्तीको अवसरमा उक्त १ दिन यस न.पा. तथा मातहतमा संचालित कार्यालयहरु बिदा दिने निर्णय पारित गरियो। साथै उक्त सूचना न.पा. तथा सबै कार्यालयहरुमा टाँस गर्ने निर्णय गरियो।